# गुठिचौर गाउँपालिकाको आर्थिक ऐन , २०७५

## गुठिचौर गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको विधेयक

प्रस्तावाना गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम गुठिचौर गाउँपालिका गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भः** (१) यस ऐनको नाम" गुठिचौर गाउँपालिकाको आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि गुठिचौर गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पति कर** : गुठिचौर गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/ घर जग्गा कर लगाईने र असुर उपर गरिनेछ ।

**३. भुमि कर (मालपोत)** : गुठिचौर गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भुमिकर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

**४. घर बहाल कर :**गुठिचौर गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन घर, पसल, ग्यारेज, गोदान, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

**५. व्यवसाय कर** : गुठिचौर गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जिवजन्तु कर** : गुठिचौर गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी,बनकस,कवाडिमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे बाफत अनुसूचि (५) बमोजिमको कर लगाउने र असुलउपर गरिनेछ

**७. सवारी साधन कर** : गुठिचौर गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाईने र असुलउपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यवस्थाभएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर** : गुठिचौर गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा गाउँ कार्यपालिकाको निर्णय र कानुन बमोजिम विज्ञापन कर लगाईने र असुलउपर गरिने छ। तर, प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**९.मनोरन्जन कर** : गुठिचौर गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा गाउँ कार्यपालिकाको निर्णय र कानुन बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी शुल्क** : गुठिचौर गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका गाउँपालिकाले तोके अनुसार कानुन बमोजिम उल्लेख भए अनुसार हाडबजार वा पसलमा सोहि नियमानुसार भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईने र असूलउपल गरिनेछ।

**११. पार्किङ शुल्क** : गुठिचौर गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत गाउँपालिकाले तोके बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क** : गुठिचौर गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत गाउँपालिकाले तोके अनुसार कानुन बमोजिमको शुल्क लगाईने र असूलउपर गरिनेछ।

**१३. सेवा शुल्क, दस्तुर** : गुठिचौर गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका गुठिचौर गाउँपालिकाको निर्णय र कानुनमा उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राहिबाट सोहि अनुसूचिमा व्यवस्था भएअनुसार शुल्क लगाईने र असूलउपर गरिनेछ।

**१४. पर्यटन शुल्क** : गुठिचौर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (७) मा उल्लिखित दरमा पर्यटन शुल्कलगाईने र असुर उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१५. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐन मा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गुठिचौर गाउँपालिकाले तोके बमाोजिम हुनेछ।